मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १८६ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०८३ साउन ५ गते मंगलबार ❑ 21 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।–

## देशको आर्थिक विकासमा पुँजी बजारको महत्वपूर्ण भूमिका : प्रधानमन्त्री शाह

**रासस**
काठमाडौं, ४ साउन

प्रधानमन्त्री वालेन्द्र शाहले देशको आर्थिक विकास र समृद्धिका लागि पुँजी बजारको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभएको छ।

सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरोकारवाला र नियमनकारी निकायका प्रतिनिधिहरुसँग छलफल गर्दै प्रधानमन्त्री शाहले पुँजी बजारमार्फत उद्यमशीलताको विकास र रोजगारी सिर्जना गर्ने कार्य मुख्य प्राथमिकतामा रहेको बताउनुभएको हो । प्रधानमन्त्री शाहले व्यवसायीलाई उच्च मनोबलका साथ काम गर्न आग्रह गर्दै काम गर्नेलाई प्रोत्साहन र गल्ती गर्ने विरुद्ध शून्य सहनशीलताको नीति अपनाउने सरकारको नीति रहेको स्पष्ट गर्नुभयो । प्रधानमन्त्रीसमक्ष सरोकारवाला संस्थाका प्रतिनिधिहरुले बजारको दिगो विकासका लागि कानुनी, नीतिगत, संस्थागत र प्रणालीगत सुधारको आवश्यकता रहेको बताउनुभयो। प्रधानमन्त्री शाहसँगको संवादपछि आफूहरू उत्साहित भएको उल्लेख गर्दै उहाँहरूले प्रारम्भिक सेयर निष्कासन प्रणालीमा सुधार, दोस्रो बजारमा माग र आपूर्तिलाई सन्तुलन कायम राख्न तथा दैनिक कारोबार रकमलाई रु ३० अर्ब पुर्‍याउने वातावरण मिलाइदिन प्रधानमन्त्रीसँग आग्रह गर्नुभयो ।

त्यसैगरी, उहाँहरुले बैंक तथा वित्तीय संस्थामार्फत ‘मार्जिन’ कारोबारसँग सम्बन्धित ‘ब्रोकर’ कम्पनीलाई कर्जा प्रवाह सहज बनाउन नेपाल राष्ट्र बैंकले आवश्यक कदम चाल्नुपर्ने खाँचो औँल्याउनुभयो। बैंक तथा वित्तीय संस्थाले धितोपत्रमा लगानी गरेपछि कम्तीमा छ महिनासम्म बिक्री गर्न नपाउने विद्यमान व्यवस्था खारेज गर्न तथा सेयर धितो कर्जाको सीमालाई प्राथमिक पुँजीसँग आबद्ध गर्नुको सट्टा कूल कर्जाको पाँच प्रतिशत कायम गर्ने व्यवस्था मिलाइ दिन प्रधानमन्त्रीलाई आग्रह गर्नुभयो ।

अर्थ मन्त्रालयले व्यक्तिगत कारोबारमा हुने नोक्सानीमा कर समायोजनको व्यवस्था गरिदिनुपर्ने, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषजस्ता ठूला संस्थालाई दोस्रो बजारमा लगानी गर्न प्रोत्साहन गर्नुपर्ने, नेपाल स्टक एक्सचेन्जको रणनीतिक साझेदारसहित पुनःसंरचना तथा गैरआवासीय नेपालीलाई पुँजी बजारमा लगानी गर्ने मार्ग प्रशस्त गरिदिन पनि अनुरोध गर्नुभयो ।

सो छलफलमा स्टक ब्रोकर

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कास्कीमा एक महिनामा ६६ फरार प्रतिवादी पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, ४ साउन

जिल्ला प्रहरी कार्यालय, कास्कीले गत असारमा ४८ पुरुष र १८ महिला गरी ६६ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ।

विभिन्न मुद्दामा अदालतको फैसलाबाट दोषी ठहर भई सजाय भुक्तान नगरी फरार रहेका उनीहरूलाई कानुनी कारबाहीको दायरामा ल्याइएको हो ।

पक्राउ परेका प्रतिवादीलाई कैद सजाय र जरिवाना असुलका लागि अदालतमा पेस गरिएको कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिनुभयो । प्रतिवादीबाट ११ वर्ष ११ महिना दुई दिन कैद र रु दुई करोड ३९ लाख ७२ हजार ९९५ बिगो रकम असुलउपर भएको उहाँको भनाइ छ। चेक अनादर, सार्वजनिक अनादर, अंश मानाचामाल, बिगो लेनदन, बैंकिङ कसुर, सवारी ज्यान कसुर, अभद्र व्यवहारसम्बन्धी कसुरलगायतमा अदालतबाट दोषी ठहर भई फरार रहेका प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको हो । विभिन्न अपराधसँग सम्बन्धित २४५ वटा मुद्दा दर्ता भएका थिए। तीमध्ये जघन्य तथा गम्भीर अपराधका २८, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित अपराधका ११, आर्थिक अपराधका ८५ र अन्य अपराधसँग सम्बन्धित १२१ मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ।

प्रहरीले पछिल्लो समय फरार प्रतिवादीलाई कानुनी कारबाहीको दायरामा ल्याउन सक्रियता बढाएको छ।

## उच्च अदालत पोखरामा डेढ वर्ष नाघेका मुद्दाको संख्या शून्य

**पोखरापत्र संवाददाता**
पोखरा, ४ साउन

पोखरा उच्च अदालतमा डेढ वर्ष नाघेका मुद्दाको संख्या गत आवमा शून्यमा झरेको छ।

अदालतमा एक वर्षदेखि १८ महिनाभित्रका आठ, छ महिनादेखि एक वर्षभित्रका एक सय ७७ र छ महिनाभित्रका तीन सय १४ मुद्दा मात्र बाँकी छन् ।

चार सय ९९ मुद्दा पछ्र्योट हुन बाँकी रहेको अदालतका उप-रजिष्ट्रार निलप्रसाद पनेरुले जानकारी दिनुभयो ।

अघिल्लो आवबाट जिम्मेवारी सरेर आएका सात सय ५० र नयाँ दर्ता भएका १३ सय १९ गरी गत आवमा दुई हजार ६९ मुद्दा रहेकामा १५ सय ७० अर्थात ७५.८८ प्रतिशत मुद्दा फर्छोट भएका थिए ।

उच्च अदालतले आव २०८१/०८२ मा लक्ष्यको ७८.०७ प्रतिशत मुद्दा फछ्र्योट गरेकामा गत आवमा भने फछ्र्योट दर केही घटेको हो। गत आवमा फछ्र्योट भएका मुद्दामध्ये देवानी प्रकृतिका चार सय ७५, फौजदारी मुद्दा नौ सय तीन र रिट एक सय ९२ रहेका छन् । सर्वोच्च अदालतको पञ्चवर्षीय रणनीतिक योजनाअन्तर्गत अदालतले मुद्दाको फछ्र्योटमा तीव्रता दिँदै आएको उप-रजिष्ट्रार पनेरुले बताउनुभयो । छरितो र चुस्त कार्यसम्पादनका कारण मुद्दा फछ्र्योटमा सुधार आएको उहाँको भनाइ छ । उच्च अदालतले जुनसुकै प्रकृतिका मुद्दालाई १८ महिनाभित्रमा फछ्र्योट गर्ने र दुई वर्ष नाघेका मुद्दाको संख्या शून्यमा पुर्‍याउने लक्ष्यसहित न्याय सम्पादन गर्दै आएको थियो ।

उच्च अदालतले मुद्दाका मिसिलको विद्युतीय अभिलख राख्ने कार्यलाई पनि अगाडि बढाएको छ। गत आवमा पाँच सय ४४ मिसिलको विद्युतीय अभिलेख तयार पारिएको जनाइएको छ । अदालतले हालसम्म पाँच हजार तीन सय ४१ थान मिसिलको विद्युतीय अभिलेख राखेको छ।

## गण्डकीमा ७८ प्रतिशत रोपाइँ

**पोखरापत्र संवाददाता**
पोखरा, ४ साउन

गण्डकी प्रदेशमा हालसम्म ७८ दसमलव ३६ प्रतिशत रोपाइँ भएको छ। प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका अनुसार ७३ हजार ३४९ हेक्टरमा रोपाइँ भइसकेको छ।

यस वर्ष ९३ हजार ६०६ हेक्टरमा रोपाइँ हुने अनुमान गरिएको मन्त्रालयका वरिष्ठ कृषि अर्थ विज्ञ शशी अधिकारीले बताउनुभयो । प्रदेशको कूल चार लाख ७९ हजार ६१७ हेक्टर खेतीयोग्य जमिनमध्ये बर्खे र चैते गरी करिब एक लाख हेक्टरमा धानखेती हुने गरेको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार नवलपुर, कास्की, स्याङ्जा, तनहुँलगायत जिल्लामा धानखेतीको क्षेत्रफल बढी छ । हिमालपारिको जिल्ला मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा धानखेती हुँदै आएको छ।

पछिल्लो समय प्रदेशमा रोपाइँको क्षेत्रफल बर्सेनि घट्दै गएको पाइएको कृषि अर्थ विज्ञ अधिकारीले बताउनुभयो। “चार वर्षअघि ९७ हजार ७६९ हेक्टर क्षेत्रफलमा बर्खे धान रोपिएको थियो। त्यसपछिको वर्ष रोपाइँको क्षेत्रफल घटेर ९६ हजार ५३ हेक्टरमा समेटियो।

गत आवमा ९४ हजार १८२ हेक्टरमा रोपाइँ भएकामा यस वर्ष ९३ हजार ६०६ हेक्टरमा रोपाइँ हुने अनुमान गरिएको छ”, उहाँले भन्नुभयो।

जग्गा खण्डीकरण, बाँझो छाड्ने प्रवृत्ति र खेतीयोग्य जमिनमा बस्ती विस्तार तथा पूर्वाधार विकासले गर्दा धानखेतीको क्षेत्रफल घट्दै गएको वरिष्ठ कृषि अर्थ विज्ञ अधिकारीले बताउनुभयो । क्षेत्रफल घटेपनि समयमा वर्षात् र रासायनिक मलको उपलब्धता, धानमा सङ्क्रमणजन्य रोग नलाग्नु, सिँचाइ सुविधा, उन्न बीउबिजनलगायत सुविधाका कारणले धानको उत्पादकत्व भने वृद्धि हुने गरेको उहाँले उल्लेख गर्नुभयो ।

प्रतिकूल मौसम, मल अभाव, कमसल बीउविजन जस्ता कारणले धानको उत्पादकत्वमा ह्रास आउने वरिष्ठ कृषि अर्थ विज्ञ अधिकारीको भनाइ छ। गण्डकीमा सावित्री, रामधान, जेठोबुढो, खुमल, सुक्खा, एक्ले, पहेँले, गौरिया, मनुसली, सुनौलो सुगन्धलगायत जातका धानखेती गरिन्छ।

गोरखाको छेवेटार, पालुङटार, आरुघाट, सिरानचोक, लमजुङमा धमिलीकुवा, हर्राबोट, भोर्लेटार, करापुटार, तनहुँको चुँदीफाँट, सत्रसय फाँट, कलेस्तीफाँट, कास्कीको मकैखोला, हाँडीखोला, पामे र लेखनाथ धानखेतीको पकेट क्षेत्र हुन्। यस्तै पर्वतको फलेबास, जलजला, स्याङ्जाको पुतलीबजार, आँधीखोला, गल्याङ, म्याग्दीको भगवती, पिप्ले, घतान, बागलुङको बडिगाड, गलकोट, जैमिनी र नवलपुरको कावासोती, गैँडाकोटलगायत क्षेत्रलाई धानका लागि पकेट क्षेत्र तोकिएको प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले जनाएको छ।

## पानीमा भिज्दै विश्वकप फाइनल हेर्न सडकमा पोखरेली फुटबलप्रेमी

**पोखरापत्र संवाददाता**
पोखरा, ४ साउन

रातको समयमा पानीमा भिज्दै, रेनकोट र छाता ओढेरै विश्वकप फाइनल हेर्न पोखरेली फुटवल प्रेमी दर्शकहरु सडकमा आउनु भएको थियो।


नेपाली समयअनुसार सोमबार मध्यराति १२:४५ बजे सुरु भएको फिफा विश्वकप २०२६ को फाइनल खेल अवलोकन गर्न पोखरेली फुटबलप्रेमी वर्षाको कुनै प्रवाह नगरी सडकमा आएर स्पेन र अर्जेन्टिना बिचको फाइनल खेल ठुलो स्क्रिनमा अवलोकन गर्नु भएको थियो । पोखरा महानगरपालिका र स्थानिय प्रशासनको पहलमा पृथ्वीचोक, हल्लनचोक, महेन्द्रपुलसहित ११ स्थानमा ठूलो स्क्रिनमार्फत फाइनल खेल प्रत्यक्ष प्रसारणको व्यवस्था गरिएको थियो। खेल सुरु हुनुभन्दा करिब एक घण्टाअघि परेको मुसलधारे वर्षाले मौसम प्रतिकूल बनाए पनि त्यसले फुटबलप्रेमीको उत्साह भने रोक्न सकेन।



साथीभाइसँग फाइनलको रोमाञ्च प्रत्यक्ष अनुभव गर्न पुग्नुभएका सयौँ दर्शक पानीमै भिज्दै ठूलो स्क्रिनअगाडि बस्नुभएको थियो। कोही रेनकोट ओढेर, कोही छाता बोकेर त कोही घर तथा पसलका बरण्डामा बसेर विश्व फुटबलको सबैभन्दा ठूलो प्रतियोगिताको फाइनल खेलमा रमाउनुभएको देखिन्थ्यो। पर्यटनको राजधानि पोखरामा खेलकुदको शहरको रुपमा स्थापित हुदै आएको सन्दर्भमा वर्षासँग जुध्दै खेल हेरेका फुटबलप्रेमीले पोखराको खेलप्रेमलाई फेरि एकपटक जीवन्त बनाउनु भएको छ । फाइनल खेलमा युरोपेली च्याम्पियन स्पेनले साविक विजेता अर्जेन्टिनालाई अतिरिक्त समयमा १-० ले पराजित गर्दै १६ वर्षपछि दोस्रो पटक विश्वकप उपाधि जित्यो । निर्धारित ९० मिनेट गोलरहित बराबरीमा सकिएको खेलको १०६औँ मिनेटमा फेरान टोरेसले निर्णायक गोल गर्दै स्पेनलाई ऐतिहासिक सफलता दिलाउनु भयो ।

खेल सुरु हुनु अघि नै पोखराका विभिन्न स्थानमा फुटबलप्रेमीको भीड लाग्न थालेको थियो। मध्यरातको समय र लगातारको वर्षाबीच पनि ठूलो स्क्रिनअगाडि बसेर सामूहिक रूपमा फाइनल हेर्ने वातावरणले विश्वकपको माहोल पोखरामा पनि उत्तिकै रोमाञ्चक बनेको थियो ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले खेल संस्कृतिको विकास, सामुदायिक सहभागिता वृद्धि तथा खेल पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सामूहिक रूपमा फाइनल खेल हेर्ने व्यवस्था गरिएको बताउनुभयो। उहाँले प्रतिकूल मौसमका बाबजुद पनि उत्साहपूर्वक सहभागी भई विश्व फुटबलको उत्सव मनाउनुभएका सम्पूर्ण फुटबलप्रेमीप्रति आभार व्यक्त गर्नुभयो । फाइनल खेलको प्रत्यक्ष प्रसारण व्यवस्थापनमा पोखरा महानगरपालिका, स्थानीय प्रशासन, परिचय एड् भर्टाइजिङ तथा एस.के. साउण्ड एण्ड म्युजिकले सहकार्य गरेका थिए । स्पेनले उपाधि उचालेसँगै पोखराका विभिन्न स्थानमा समर्थकहरूले खुसी साटासाट गर्दै विजयोत्सवसमेत मनाएका थिए।



# अर्जेन्टिना चुक्दा स्पेनले विश्वकप चुम्यो, एम्बाप्पेलाई गोल्डेन बुट


**पोखरापत्र संवाददाता**
पोखरा, ४ साउन

साविक विजेता अर्जेन्टिनालाई पराजित गर्दै युरोपेली च्याम्पियन स्पेनले फिफा विश्वकप २०२६ को उपाधि चुमेको छ।

अतिरिक्त समयमा फेरान टोरेसले गरेको निर्णायक गोलको मद्दतमा स्पेनले अर्जेन्टिनालाई १-० ले हराउँदै १६ वर्षपछि दोस्रो पटक विश्व फुटबलको सर्वोच्च उपाधि आफ्नो नाममा लेखाउन सफल भएको हो । अमेरिकाको न्युजर्सी स्टेडियममा भएको रोमाञ्चक फाइनलको निर्धारित ९० मिनेट गोलरहित बराबरीमा सकिएको थियो।

खेल अतिरिक्त समयमा धकेलिएपछि १०६औँ मिनेटमा फेरान टोरेसले गोल गर्दै स्पेनलाई ऐतिहासिक जित दिलाए। निर्धारित समयमै एन्जो फर्नान्डेज दोहोरो पहेँलो कार्ड पाएर बाहिरिएपछि अर्जेन्टिना १० खेलाडीमा सीमित भएको थियो, जसको फाइदा स्पेनले उठाउन सफल भयो।

खेलभर बलमा नियन्त्रण कायम राखेको स्पेनले अर्जेन्टिनामाथि लगातार दबाब सिर्जना गरेको थियो । कप्तान लियोनेल मेसीलाई प्रभावहीन बनाउँदै स्पेनले उत्कृष्ट सामूहिक प्रदर्शन गर्‍यो। यससँगै स्पेनले सन् २०१० पछि दोस्रो पटक विश्वकपको उपाधि चुम्न सफल भएको हो । स्पेनको सफलतामा




युवा स्टार लामिन यमालले विशेष भूमिका निर्वाह गरे। डेब्यु विश्वकपमै उनले गोल, असिस्ट र सिर्जनात्मक खेलमार्फत टोलीको उपाधि यात्रामा महत्वपूर्ण योगदान दिए । प्रतियोगिताभर सर्वाधिक सफल ड्रिबल गर्ने खेलाडी बनेका यमालले विश्वकपका विभिन्न उमेरसम्बन्धी कीर्तिमानसमेत आफ्नो नाममा लेखाए । यता फ्रान्सका स्टार फरवार्ड किलियन एम्बाप्पेले प्रतियोगिताभर आठ खेलमा १० गोल गर्दै गोल्डेन बुट जिते। यसअघि २०२२ विश्वकपमा पनि सर्वाधिक गोलकर्ता बनेका एम्बाप्पे लगातार दुई संस्करणमा गोल्डेन बुट जित्ने पहिलो खेलाडी बने। उनले अर्जेन्टिनाका कप्तान लियोनेल मेसीलाई पछि पार्दै व्यक्तिगत रूपमा अर्को ऐतिहासिक उपलब्धि हासिल गरे। यसैबिच, विश्वकप फाइनलको रोमाञ्चक भिडन्त पोखरामा पनि विशेष आकर्षणको केन्द्र बन्यो। पोखरा महानगरपालिकाको पहलमा पृथ्वीचोक, हल्लनचोक, महेन्द्रपुल सहित ११ स्थानमा ठूलो पर्दामार्फत खेलको प्रत्यक्ष प्रसारण गरिएको थियो । खेल सुरु हुनुभन्दा करिब एक घण्टाअघि पोखरामा मुसलधारे वर्षा भए पनि फुटबलप्रेमीको उत्साह भने कम भएन। वर्षाको कुनै प्रवाह नगरी सयौँ दर्शक ठूलो पर्दाअघि भेला भए। कोही रेनकोट ओढेर, कोही छाता लिएर त कोही पानीमै भिज्दै विश्व फुटबलको सबैभन्दा ठूलो प्रतियोगिताको फाइनलको रोमाञ्चक क्षणको साक्षी बने । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले खेल संस्कृतिको विकास र खेल पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सामूहिक रूपमा फाइनल हेर्ने व्यवस्था गरिएको बताए । उनले परिवार, साथीभाइ र फुटबलप्रेमी सबैलाई एकै स्थानमा भेला भएर विश्व फुटबलको उत्सव मनाएकोमा धन्यवाद व्यक्त गरे।

फाइनल खेलको प्रत्यक्ष प्रसारण व्यवस्थापनमा महानगर सहित स्थानिय प्रशासन, परिचय एड्भर्टाइजिङ तथा एस.के.साउण्ड एण्ड म्युजिकले सहकार्य गरेका थिए । वर्षाको चुनौतीका बीच पनि ठूलो संख्यामा उपस्थित दर्शकले खेलप्रतिको आफ्नो मोह र उत्साहलाई जीवन्त बनाएका थिए।

# पोखरामा वीपी स्मृति दिवसमा वक्तृत्वकला प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, ४ साउन

४४ औं वीपी स्मृति दिवसको सन्दर्भमा नेपाली काँग्रेस कास्कीले विद्यार्थी बीच वक्तृत्वकला प्रतियोगिता गरेको छ।

अहिलेका युवाले वीपीबाट के सिक्ने ? भन्ने विषयमा आयोजित प्रतियोगितामा एसओएस् हर्मन माइनर विद्यालयकी प्रेरिका बराल प्रथम भएको नेपाली काँग्रेस कास्कीका सहसचिव एवं प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो । प्रतियोगितामा लक्ष्मी आदर्श माविकी सम्झना बेलवासे द्वितिय, एसओएस कै अनुजा गौतम तृतिय र रामज्योती माविकी स्वेच्छा परियार सान्त्वना भएकी छन् । विजेतलाई क्रमशः १० हजार, आठ हजार, पाँच हजार र दुई हजार सहित प्रमाण पत्र वितरण गरिने छ । साउन ६ गते पार्टी कार्यालयमा हुने कार्यक्रममा उनीहरुलाई पुरस्कृत गरिने प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो । निर्णायक मण्डलमा डा. यमनाथ तिमिल्सिना संयोजक र दिपेन्द्र पराजुली, कपिलमणी दाहाल सदस्य रहनुभएको थियो । वीपी स्मृति दिवसकै सन्दर्भमा पोखराको पर्यटन सम्वन्धी पोलिसी लेखन प्रतियोगिता पनि संचालन गरिएको छ।

नेपाली काँग्रेस कास्कीका उपसभापति एवं कार्यक्रम संयोजक युवराज कुँवरको अध्यक्षतामा भएको कार्यक्रममा सभापति किशोरदत्त बराल, सचिव देवेन्द्र रानाभाट, सहसचिव एवं प्रवक्ता नवीन सिग्देल, सहसचिव शंकर ढुगांना लगायतले बोल्नुभएको थियो ।

## देशको ...

एसोसिएसन अफ नेपालका अध्यक्ष सागर ढकाल, नासा सेक्युरिटिजका प्रतिनिधि सन्दीप जलान, नेपाल लाइफ इन्स्योरेन्सका प्रतिनिधि नवराज सिलवाल, नागरिक स्टक डिलर कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत महेश्वरलाल श्रेष्ठ, पुँजी बजार समितिका सभापति प्रियराज रेग्मी र लगानीकर्ता अम्बिकाप्रसाद पौडेल सहभागी हुनुहुन्थ्यो ।नियमनकारी निकायका तर्फबाट नेपाल धितोपत्र बोर्डका अध्यक्ष गोपाल भट्टले सरोकारवालाका सुझावलाई आत्मसात् गर्दै बोर्डले आर्थिक वर्ष २०८३/८४ को पुँजी बजार नीति तथा नेपालको पुँजी बजार मार्गचित्र २०८३ लागू गरिसकेको जानकारी दिनुभयो ।

नेपाल स्टक एक्सचेन्जका अध्यक्ष अमृत लम्सालले बैंक तथा वित्तीय संस्था, बिमा तथा पुँजी बजार सुधारका लागि आवश्यक ऐनको तर्जुमा तथा संशोधन प्रक्रिया सुरु भइसकेको अवगत गराउनुभयो । नेप्सेको पुनःसंरचनाका लागि उपयुक्त ढाँचा तयार गरी अघि बढाइने उल्लेख गर्दै उहाँले धितोपत्र बोर्डद्वारा जारी गरिएका नीतिअनुरूप प्रणालीको विकास गरी धितोपत्र कारोबारलाई थप प्रभावकारी र व्यवस्थित बनाइने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

# कर्णालीको अति दुर्गम समुदायमा हिमालय आँखा अस्पताल पोखराको सेवा विस्तार

**पोखरापत्र संवाददाता**
पोखरा, ४ साउन

कर्णाली प्रदेशका विभिन्न जिल्लामा ९५३ जनाको निःशुल्क आँखाको शल्यक्रिया सेवा गरिएको छ।

नेपाल नेत्रज्योति सङ्घद्वारा सञ्चालित हिमालय आँखा अस्पताल पोखराले गत आर्थिक वर्ष २०८२/८३ मा प्रदेशका अति दुर्गम तथा सेवाको पहुँचबाट टाढा रहेका समुदायमा सञ्चालन गरेका निःशुल्क आँखा शिविरमार्फत उक्त सेवा प्रदान गरेको हो।

अस्पतालका बाह्य कार्यक्रम प्रमुख नेत्र अधिकृत सुवास नेपालका अनुसार गत आवमा अस्पतालले सो प्रदेशका १७ हजारभन्दा बढी नागरिकलाई आँखा उपचार सेवा प्रदान गरेको छ । सो अवधिमा बाह्य कार्यक्रममार्फत सात हजार २१७ जनाको निःशुल्क आँखा परीक्षण गरिएको थियो भने अस्पतालअन्तर्गत सञ्चालित आँखा उपचार केन्द्रहरूमार्फत १० हजार ४३२ जनाले आँखा उपचार सेवा प्राप्त गरेका अस्पतालद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । यसरी बाह्य कार्यक्रम र आँखा उपचार केन्द्रमार्फत गरी कर्णाली प्रदेशमा एक वर्षमा १७ हजार ६४९ जनालाई आँखा स्वास्थ्य सेवा प्रदान गरिएको छ। हिमालय आँखा अस्पतालअन्तर्गत कर्णाली प्रदेशका चन्दननाथ आँखा अस्पताल खलङ्गा-जुम्ला, मान्म-कालीकोट, सिमकोट-हुम्ला, सिंजा-जुम्ला र गमगढी-मुगुमा आँखा उपचार केन्द्र सञ्चालनमा छन् । यी अस्पताल, उपचार केन्द्र तथा समुदायस्तरमा सञ्चालन गरिने बाह्य कार्यक्रम र शिविरमार्फत भौगोलिक रूपमा विकट क्षेत्रमा बसोबास गर्ने नागरिकलाई आँखा परीक्षण,



उपचार, आवश्यक परामर्श तथा शल्यक्रिया सेवा उपलब्ध गराइँदै आएको छ । अस्पतालको प्रमुख मेडिकल निर्देशक डा बबिता गुरुङका अनुसार अस्पतालले गत आर्थिक वर्षमा अस्पतालको बहिरङ्ग विभागमार्फत मात्रै एक लाख ८८ हजार ९१४ जनालाई आँखा उपचार सेवा प्रदान गरेको छ । विज्ञप्तिका अनुसार सेवा लिनेमा एक लाख छ हजार ४५९ महिला र ८२ हजार ४९८ पुरुष छन् । कूल सेवाग्राहीमध्ये करिब ५६ प्रतिशत महिला र ४४ प्रतिशत पुरुष छन् । हिमालय आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष सुरेन्द्रथापा मगरले कर्णाली प्रदेशमा विशेषज्ञ आँखा उपचार सेवालाई थप विस्तार र सुदृढ गर्ने योजना अघि बढाएको जानकारी दिनुभयो । वरिष्ठ अधिवक्ता समेत रहनुभएका मगरले भन्नुभयो, "जुम्लामा नेत्र विशेषज्ञमार्फत नियमित विशेषज्ञ सेवा उपलब्ध गराउने तथा कर्णालीका अन्य तीन जिल्लामा 'सर्जिकल सेन्टर'का रूपमा सेवा विकास गरी स्थानीयस्तरमै आँखाको शल्यक्रिया सेवा उपलब्ध गराउने योजना रहेको छ । भौगोलिक विकटता र यातायातको कठिनाइका कारण सामान्य आँखा उपचार तथा शल्यक्रियाका लागि समेत टाढासम्म जानुपर्ने बाध्यतालाई कम गर्न विशेषज्ञ तथा शल्यक्रिया सेवालाई जिल्लास्तरसम्म विस्तार गर्न लागिएको छ ।" यसबाट दुर्गम क्षेत्रका नागरिकले आफ्नै जिल्लामा वा नजिकको सेवा केन्द्रबाट समयमै गुणस्तरीय आँखा उपचार तथा शल्यक्रिया सेवा प्राप्त गर्न सक्ने अपेक्षा गरिएको छ । यसैबीच, नेपाल नेत्रज्योति सङ्घ हिमालय आँखा अस्पतालअन्तर्गत गण्डकी तथा कर्णाली प्रदेशमा सञ्चालित आँखा अस्पताल तथा आँखा उपचार केन्द्रको वार्षिक कार्ययोजना तथा समीक्षा गोष्ठी पोखरामा हालै सम्पन्न भएको छ । कार्यक्रममा ती प्रदेशका आँखा अस्पताल तथा आँखा उपचार केन्द्रका प्रतिनिधि, नेत्र विशेषज्ञ, स्वास्थ्यकर्मी तथा सरोकारवालाको सहभागिता थियो।

सो अवसरमा हिमालय आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष वरिष्ठ अधिवक्ता मगर, नेपाल नेत्रज्योति सङ्घका महासचिव भरतबहादुर चन्द, नेपाल नेत्रज्योति सङ्घका केन्द्रीय उपाध्यक्ष एवं गण्डकी प्रदेश सभापति प्रा डा दिलबहादुर क्षेत्री र सङ्घका कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्रले सङ्घको गतिविधि तथा कार्ययोजनाका बारेमा प्रस्तुति गर्नुभएको थियो।

गोष्ठीमा गत आर्थिक वर्षका उपलब्धि तथा प्रगतिको समीक्षा गर्नुका साथै आगामी वर्षको कार्ययोजना तर्जुमा गरिएको थियो। सङ्घका कार्यकारी निर्देशक डा मिश्रले गोष्ठीमा समुदायस्तरमा गुणस्तरीय आँखा स्वास्थ्य सेवाको पहुँच विस्तार, दुर्गम क्षेत्रमा विशेषज्ञ तथा शल्यक्रिया सेवा विस्तार, आँखा उपचार केन्द्रहरूको क्षमता अभिवृद्धि तथा सेवा प्रभावकारिता बढाउने विषयमा छलफल, अनुभव आदानप्रदान र आगामी रणनीति निर्माण गरिएको जानकारी दिनुभयो । हिमालय आँखा अस्पतालले अस्पतालमा आधारित सेवासँगै आँखा उपचार केन्द्र, बाह्य कार्यक्रम तथा निःशुल्क आँखा शिविरमार्फत गण्डकी र कर्णाली प्रदेशका नागरिकलाई आँखा स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । विशेषगरी कर्णालीका दुर्गम जिल्लामा विशेषज्ञ तथा शल्यक्रिया सेवा विस्तार गरी नागरिकलाई उनीहरूको नजिकै गुणस्तरीय आँखा उपचार सेवा उपलब्ध गराउने लक्ष्यसहित अस्पतालले आगामी कार्यक्रमलाई प्राथमिकता दिएको छ।

**सन् २०२५ मा पाँच करोड दुई लाख ४८९ जनालाई आँखा उपचार सेवा**

सङ्घका अनुसार सङ्घले स्थापनादेखि सन् २०२५ को अन्तिमसम्ममा सङ्घको २८ आँखा अस्पताल, ४४ जिल्ला शाखा, २२६ आँखा उपचार केन्द्रको सञ्जालमार्फत नेपाली नागरिक तथा अन्य विभिन्न देशका नागरिक गरी कूल पाँच करोड दुई लाख ४८९ जना आँखाका बिरामीलाई आँखा उपचार सेवा प्रवाह गरिसकेको छ भने ५६ लाख ५९ हजार ६२४ जनाको आँखाको शल्यक्रिया भइसकेको छ।

# 'ग्रिन रन' आयोजना गर्दै कांग्रेस

**रासस**
काठमाडौं, ४ साउन

नेपाली कांग्रेसले जननायक विपी कोइरालाको ४४औं स्मृति दिवसका असरमा यही साउन ६ र ७ गते विभिन्न कार्यक्रमहरु आयोजना गर्दैछ।

यसै सन्दर्भमा कांग्रेसको केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले जलवायु जनचेतना जगाउन यही साउन ६ गते बिहान काठमाडौं उपत्यकामा 'ग्रिन रन' आयोजना गर्ने भएको छ । कांग्रेसद्धारा सोमबार आयोजित पत्रकार सम्मेलनमा उपसभापति एवं प्रतिष्ठानका प्रमुख विश्वप्रकाश शर्माले 'जलवायु जनचेतना जगाउन जुटौं' नाराका साथ पाँच किमी दौड आयोजना गर्न लागेको जानकारी दिनुभयो । "दौड लगत्तै जावलाखेल चोक, फाल्चामा 'जलवायु परिवर्तनको चुनौती : निराकरण कसरी' शीर्षकमा विज्ञहरुसहितको समूहगत छलफल हुनेछ," उपसभापपति शर्माले भन्नुभयो, "समूहगत छलफल चलिरहँदा, सोही स्थलमा जलवायु परिवर्तनका चुनौती र सम्भावना झल्काउने चित्रहरु सुपरिचित चित्रकारहरुद्वारा पेन्टिङ गरिनेछन् ।

यसैगरी साउन ७ गते पार्टीको नविन अभियान घोषणा सहितको कार्यक्रम हुनेछ । कांग्रेसले 'ग्रीन रन' मा सहभागी हुनेको संख्याका आधारमा प्रतिव्यक्ति निश्चित रकम आफ्नो कोषबाट रकम जम्मा गरेर एक 'मानवीय सहयोग कोष' खडा गर्ने जनाएको छ । सो कोषको रकम पछिल्लो समय विस्थापित गरिएका सुकुम्वासी परिवारका वृद्ध र बालबालिकाको हितमा खर्च गरिने उहाँले उल्लेख गर्नुभयो ।

यसैगरी पार्टीले सोहीदिन राष्ट्रिय सभागृहमा 'नवीन परि स्थिति : नवीन संकल्प, नवीन अभियान' विषयक विचार गोष्ठी आयोजना गर्ने पत्रकार सम्मेलनमा जानकारी दिइयो । सञ्चारकर्मीको जिज्ञासामा उपसभापति शर्माले पार्टीको आगामी १५औं महाधिवेशनमा सबैलाई सहभागी गराएर जाने कुराले सार्थकता पाउने बताउनुभयो । त्यस्तै प्रदेश



सरकारमा सहकार्य गर्ने बारेमा समेत छलफल भइरहेको बताउँदै उहाँले कुनै पनि संसद प्रतिपक्ष विहीन हुन नहुने उल्लेख गर्नुभयो ।

**Vacancy**

Post : Female Assistant Kindergarten + Office Management

Working Hour : 9 AM to 5 PM

Qualification : +2 passed / running

Salary : Negotiable

Contact: 9819118298




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**
नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# कर्णालीको बाछिटा अब सातै प्रदेशमा

देशको राजनीतिक अवस्था फेरिए पनि नेताहरूको प्रवृत्ति फेरिएको छैन । नेताहरू भविष्य होइन हाताहाती फाइदा खोज्दा राजनीति अस्थिर बनाउने काममा लागेका छन् । पटकपटक समिकरण फेरबदल गर्ने होडले पुराना दलप्रति नकारात्मक भावना फैलदो छ । पुराना राजनीतिक दलका नेताहरुको पुराना पार्टीहरू आफ्ना पुराना प्रवृत्तिबाट रूपान्तरण हुनुको सट्टा उही नियति दोहोऱ्याउँदै छन् । संघीय सरकारबाट विस्थापित भए पनि प्रदेशहरूमा उनीहरूकै रजगज छ । त्यहीँ फेरि नेपाली राजनीतिको पुरानो रोग छताछुल्ल भइरहेको छ । गठबन्धन भत्काउने, नयाँ बनाउने र फेरि सरकारलाई 'म्युजिकल चियर' को खेल बनाउने कर्ममै उनीहरू केन्द्रित हुन थालेका छन् । दुई वर्षअघि सातै प्रदेशमा बनेको कांग्रेस र एमालेको गठबन्धन धरापमा छ । कर्णालीमा एमाले नेतृत्वको सरकारबाट कांग्रेस बाहिरियो भने सुदूरपश्चिममा एमाले । यसको बाछिटा अब सातै प्रदेशमा पर्दै छ ।

पुराना पार्टीहरूका लागि सरकार गठन केवल नेता र पार्टीको हितका लागि मात्र भए जस्तो देखिन्छ । स्वार्थ मिले एक हुने, नत्र फुट्ने उनीहरूको चरित्र बनेको छ । यदि त्यसो होइन भने, अबको एक वर्षभित्र नयाँ निर्वाचन भएर नयाँ जनादेश आउने संघारमा सरकार फेरबदलको यो फोहोरी खेल किन खेल्नुपर्ने थियो ? अब कांग्रेस र एमालेको गठबन्धन नबन्ने निश्चित जस्तै छ अब ज-जसको समीकरण बनेर सरकार गठन भए पनि जनताले त्यसलाई केवल सत्ताको लुछाचुँडी र राजनीतिक खिचातानीबाहेक अरू रूपमा बुझ्ने छैनन् । यसलाई संघीयता र प्रदेश संरचनाको बदनाम गर्ने तथा अहिलेको राजनीतिक व्यवस्थाको हुर्मत लिने कर्मबाहेक केही ठानिने छैन । कतिपय प्रदेशमा बजेट विनियोजनमा न्याय भएन भन्ने बहाना देखिए पनि यो सत्ताको खेलबाहेक केही होइन ।

यो कुनै वैचारिक मतभेदका कारण भएको होइन । नेतृत्वको आलोपालो, बजेटको भागबन्डा र सत्ता नियन्त्रणको रस्साकस्सी जस्तो निम्नकोटीको खेलमा पुराना दलहरू फेरि निर्लिप्त हुनु लोकतन्त्र र संघीय व्यवस्थाकै लागि विडम्बना हो । लोकतन्त्र भनेको जनउत्तरदायी शासन हो, तर हामीकहाँ केवल दलीय भागबन्डामा सत्ता केन्द्रित भइरह्यो । लोकतन्त्रमा निष्ठा र सिद्धान्तको उच्च स्थान हुन्छ, तर हामीकहाँ त्यसलाई तिलाञ्जली दिने प्रतिस्पर्धामै दलहरू भुलिरहे । दलहरू विचारको होइन, सत्ताको दास बनेका छन् । खासमा सत्ता अस्थायी हुन्छ, विचार र सिद्धान्त दीर्घायु । यही सत्य बिर्सेर पतनको बाटो समात्दा-समात्दै फेरि 'विनाशकाले विपरीत बुद्धि' को अवस्थामा पुराना दलहरू पुग्नु, अब आउने प्रादेशिक चुनावमा पनि पछारिने खुला संकेत हो । यति बुझ्दाबुझ्दै पनि फेरि सत्ताकै भिनाभम्टीमा लाग्ने दलहरूलाई भोलि मतदाताले पक्कै काँध थाप्ने छैनन्, केवल रामराम मात्रै भन्न सक्लान् । तर, जनताको नजिकको सरकार मानिने संघीय व्यवस्थालाई अस्थिर राजनीतिको पर्याय बनाउने यो खेल वास्तवमा लोकतन्त्रकै लागि अहितकर छ ।

लोकतन्त्र भनेको जनउत्तरदायी शासन हो, तर हामीकहाँ केवल दलीय भागबन्डामा सत्ता केन्द्रित भइरह्यो । लोकतन्त्रमा निष्ठा र सिद्धान्तको उच्च स्थान हुन्छ, तर हामीकहाँ त्यसलाई तिलाञ्जली दिने प्रतिस्पर्धामै दलहरू भुलिरहे । दलहरू विचारको होइन, सत्ताको दास बनेका छन् । खासमा सत्ता अस्थायी हुन्छ, विचार र सिद्धान्त दीर्घायु । यही सत्य बिर्सेर पतनको बाटो समात्दा-समात्दै फेरि ' विनाशकाले विपरीत बुद्धि' को अवस्थामा पुराना दलहरू पुग्नु, अब आउने प्रादेशिक चुनावमा पनि पछारिने खुला संकेत हो । यति बुझ्दाबुझ्दै पनि फेरि सत्ताकै भिनाभम्टीमा लाग्ने दलहरूलाई भोलि मतदाताले पक्कै काँध थाप्ने छैनन्, केवल रामराम मात्रै भन्न सक्लान् । तर, जनताको नजिकको सरकार मानिने संघीय व्यवस्थालाई अस्थिर राजनीतिको पर्याय बनाउने यो खेल वास्तवमा लोकतन्त्रकै लागि अहितकर छ । भोलिका दिनमा चुनावबाट दलहरू फेरिए त केही फरक पर्दैन, तर संघीय व्यवस्थाविरुद्धकै आवाज चर्किँयो भने नेपाली जनताको लामो संघर्ष र बलिदानीको अपमान भने हुनेछ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : व्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : झमेला बढ्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : शुभ यात्रा | मकर | : शारीरिक झमेला |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाव |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पहिरोमा पुरिँदा एक जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ४ साउन

स्याङ्जाको गल्याङ नगरपालिकामा पहिरोमा पुरिँदा एक जनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय स्याङ्जाका अनुसार गल्याङ नगरपालिका-६ बन्पालेका ६६ वर्षीय धनबहादुर थापाको पहिरोमा पुरिएर मृत्यु भएको हो ।

माटोले बनेको खुला छाप्रोमुनि कच्ची गोठमा काम गरिरहेका बेला माथिबाट आएको पहिरोले गोठसहित थापालाई पुरेको थियो । घटनाको जानकारी प्राप्त हुनासाथ प्रहरी चौकी पिडीखोलाबाट प्रहरी सहायक निरीक्षक पदमबहादुर थापाको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको थियो । स्थानीयवासी र प्रहरीको संयुक्त प्रयासमा पहिरो हटाउने कार्य गरिएको थियो । पहिरो हटाउँदा धनबहादुर थापा गोठभित्र मृत अवस्थामा फेला परेको जिल्ला प्रहरीले जनाएको छ । घटनामा गोठभित्र रहेको एक भैँसीको पनि मृत्यु भएको छ भने एक बंगुर घाइते भएको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ ।

# युट्युबमा छाउँदै तीज गीत

**पोखरापत्र संवाददाता**
पोखरा, ४ साउन

तीज पर्व अझै करिब दुई महिना पर छ । युट्युबमा गुञ्जिन थालेका तीज गीतले भने पर्व नजिकिएको छनक दिएका छन् । साउन नलाग्दैदेखि युट्युबमा तीज गीत छाउन सुरु गरेका हुन् ।

अनेक विषय, भाव र बान्कीका तीज गीत सार्वजनिक भइरहेका छन् । गायिका एलिना चौहानको युट्युब च्यानलबाट गत शनिबार सार्वजनिक तीज गीत 'नौरती फुली'ले दुई दिनमै भन्डै साढे चार लाख 'भ्यूज' बटुलेको छ ।

दीपक शर्माको शब्द र सङ्गीत रहेको उक्त गीतमा गायिका चौहानसँगै रचना रिमाल, मेलिना मैनाली र दीपिका बयम्बूको स्वर छ । गीतको श्रव्यदृश्यमा कलाकार स्मारिका ढकाल, जुना सुन्दासलगायतको नृत्य र अभिनय छ । सार्वजनिक भएको छोटो अवधिमै उक्त गीतलाई दर्शक/स्रोताले रुचाएका हुन् । चल्तीका गायिकाको मधुर गायकीले गीतलाई श्रुतिमय बनाएको छ । तीन दिनअघि युट्युबमा सार्वजनिक भएको गायिका देवी घर्तीमगर र सुनिता बुढामगरको तीज गीत 'तीज आयो बरिलै'लाई अहिलेसम्म भन्डै ५० हजारपटक हेरिएको/सुनिएको छ । गायिका समीक्षा अधिकारी र प्रकाश पराजुलीको स्वर रहेको तीज गीत 'लाहुरेनी' आइतबार युट्युबमा सार्वजनिक भएको छ । विमल अधिकारीको शब्द र सङ्गीत रहेको उक्त गीतमा कलाकार विमल अधिकारी, सलिना खत्रीलगायत कलाकारको अभिनय देख्न सकिन्छ । यी केही प्रतिनिधि तीज गीत हुन् । जसमा कहीँ प्रेम र सौन्दर्यको चर्चा छ त कतै श्रीमान्-श्रीमतीबीचको मायावी संवाद । तीज पर्व नजिकिँदै जाँदा दैनिकजसो युट्युबबाट तीज गीत सार्वजनिक हुने गरेका छन् । तीजको याम सुरु भएपछि कलाकारले अरु विधाका गीतलाई थाँती राख्छन् । तीज गीतले सधैँ चलिरहने लोकदोहोरीलाई पनि ओझेलमा पारिदिन्छ । बर्सेनि तीज आउँदा यस्ता गीत निकाल्ने लहरै चल्छ ।

पर्व गीतको उपमा पाएको तीज गीतलाई कलाकारले त्यसको मूल प्रवृत्तिबाट विमुख पारेको भन्दै चिन्ता पनि व्यक्त हुँदै आएको छ । पहिलेका तीज गीत घटनाप्रद, युग सुहाउँदो, चेतना जागृत गर्ने र समसामयिक विषयवस्तुमा केन्द्रित हुन्थे । खासगरी महिलाले तीज गीतलाई वर्षभरिका दुःख, पीरवेदना र चोट सार्वजनिक गर्ने माध्यम बनाउँथे । महिला मुक्तिको आवाज पनि तीज गीतमा उठ्थ्यो ।

अहिलेका तीज गीतमा भने मायाप्रेमका विषय बढी मुखरित भएको पाइन्छ । विपरीत लिङ्गीबीचको संवेदना, प्रेम र रोमान्सलाई तीज गीतमा उठान गरिएको पाइन्छ ।

कलाकार भने आधुनिक समाज विकाससँगै मानवीय अभिरुचि र प्रविधिमा आएको फड्कोलाई स्वीकारेर अगाडि बढ्नुको विकल्प नभएको टिप्पणी गर्छन् ।

# बुधबारदेखि वर्षा कम हुने

**रासस**
काठमाडौं, ४ साउन

जल तथा मौसम विज्ञान विभागले बुधबारदेखि वर्षा क्रमशः कम हुँदै जाने जानकारी दिएको छ । विभागले हाल देशभर मनसुनी वायुको प्रभाव रहेको र मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा उत्तरतर्फ रहेकाले वर्षा भइरहेको जानकारी दिएको छ ।

विभागका वरिष्ठ मौसमविद् मीनकुमार अर्यालले आज र भोलि देशका विभिन्न स्थानमा वर्षा भए पनि बुधबारदेखि वर्षा क्रमश कम हुँदै जाने जानकारी दिनुभयो । उहाँका अनुसार आज दिउँसो देशका हिमाली भू-भागका केही स्थानमा तथा पहाडी भू-भागका धेरै स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षाको सम्भावना छ ।

कोशी, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका धेरै स्थान तथा मधेस प्रदेशका केही स्थानमा मध्यम वर्षा हुन सक्ने विभागको पूर्वानुमान छ । विभागले कोशी र सुदूरपश्चिम प्रदेशका पहाडी तथा तराईका थोरै स्थान वर्षाको सम्भावना छ ।

बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ । सोमबार राति मधेस प्रदेश, कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी तथा तराईका धेरै स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम बर्षाको सम्भावना छ । त्यस्तै कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भू-भागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा हुने सम्भावना रहेको विभागले जनाएको छ । विभागका अनुसार कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी तथा तराईका एक-दुई स्थानमा राति पनि भारी वर्षा हुन सक्ने छ । ती क्षेत्रमा बाढीपहिरो, डुबान तथा गेग्रान बहावको जोखिम रहेका क्षेत्रमा आवश्यक सतर्कता अपनाउन आग्रह गरिएको छ ।

# कर्मचारीको आन्तरिक मिलान गर्ने सरकारको निर्णय

**रासस**
काठमाडौं, ४ साउन

सरकारले नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणअनुसार स्वीकृत दरबन्दीमा रहने विद्यमान कर्मचारीको आन्तरिक मिलान गर्ने भएको छ ।

मुख्यसचिव गोविन्दबहादुर कार्कीको अध्यक्षतामा आज बसेको सचिवस्तरीय बैठकले स्वीकृत दरबन्दीमा रहने विद्यमान कर्मचारीको आन्तरिक मिलान गर्ने निर्णय गरेको हो । यसरी मिलान गर्दा बढीहुने (फजुल) कर्मचारीलाई भूमि व्यवस्थापन, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सङ्घीय कार्यालय, प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय गरी ती निकायले रिक्त स्थानमा कामकाजमा खटाउने व्यवस्था मिलाउने र यसले कर्मचारीलाई कामविहीन हुने अवस्था आउन नदिने निर्णयमा उल्लेख छ ।

निर्णयमा समावेश भएअनुसार नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अनुरुप सङ्घीय सरकारका विभिन्न दरबन्दी घट्दा फजुलमा रहने कर्मचारी व्यवस्थापन गर्नुपर्ने भएकाले चालु आर्थिक वर्षमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको स्वीकृतिविना सरकारका कुनै पनि कार्यालयले स्थायी पदपूर्ति नगराउने उल्लेख गर्दै स्थायी पदपूर्तिका लागि लोकसेवा आयोगमा माग नगर्ने/नगराउने भनिएको छ ।

मुख्यसचिवकार्कीसहितसचिवस्तरीय बैठकले गरेका निर्णयमा मन्त्रालय, विभाग तथा कार्यालय प्रमुखसँग वार्षिक कार्यसम्पादन सम्झौता गर्ने उल्लेख छ । यसैगरी सेवा, प्रवाह, विकास आयोजना कार्यान्वयन, बजेट खर्च, गुनासो व्यवस्थापन र नागरिक सन्तुष्टिलाई प्रमुख कार्यसम्पादन सूचकका रूपमा समावेश गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने निर्णय भएको मुख्यसचिव कार्कीद्वारा हस्ताक्षरित निर्णयमा उल्लेख छ । साथै, सबै कर्मचारीलाई अनुशासित, नैतिक र सदाचारयुक्त बनाउन विद्यमान कानुन बमोजिमको आचरण पालनामा जोड दिँदै राष्ट्रिय सदाचार नीति, २०८३ को प्रभावकारी कार्यान्वयन गर्ने निर्णय आजको बैठकले गरेको छ ।

# 'हेमजा साहित्य राष्ट्रिय पुरस्कार' श्रेष्ठलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ४ साउन

पोखराका कवि एवं कलाकार रमेश श्रेष्ठलाई 'हेमजा साहित्य राष्ट्रिय पुरस्कार' प्रदान गरिने भएको छ । हेमजा साहित्य प्रतिष्ठानमा स्थापित उक्त पुरस्कार यही साउन ८ गते आयोजना हुने समारोहमा श्रेष्ठलाई प्रदान गरिनेछ ।

कृष्णप्रसाद पौडेल संयोजक रहेको प्रतिभा चयन समितिले पुरस्कारका लागि उहाँलाई सिफारिस गरेको हो । श्रेष्ठ कला र साहित्य साधनासँगै संस्कृति संरक्षणमा सक्रिय हुनुहुन्छ ।

लोकनृत्य, गाईजात्रा, बाघजात्रा, भैरवनृत्य संरक्षणमा सक्रिय उहाँका दर्जन बढी कविता कृति प्रकाशित छन् । प्रतिष्ठानले प्रदान गर्ने 'शुभप्रभात काव्यमाला पुरस्कार' गन्धर्व सारङ्गी पाठशाला, हेमजालाई प्रदान गरिने भएको छ । दुवै पुरस्कार पहिलोपटक प्रदान गर्न लागिएको प्रतिष्ठानका अध्यक्ष सुनील गायकले जानकारी दिनुभयो ।



## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला वालिङ नगरपालिका वडा नं. १२ निवासी भारतीय भू.पु. सैनिक नं. ५७५७१४२X, Rank: LNK (MACP HAV) हरि प्रसाद गुरुङको श्रीमती चनमाया गुरुङको नेपाली नागरिकताको प्रमाणपत्रमा जन्ममिति वि.सं.२०४२/११/५ तदनुसार ई.सं. १९८६-०२-१६ उल्लेख भएको तर निजको पतिको सैनिक अभिलेखमा निजको जन्म मिति ई.सं. १९८६-०२-१७ तदनुसार वि.सं.२०४२/११/६ भई फरक फरक जन्म मिति भएता पनि निज व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी वडा कार्यालयको च.नं. १४३० मिति २०८३/०३/३१ को पत्रबाट लेखि आएकोले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला साविक कालिकाकोट गा.वि.स. वडा नं. ६ हाल भीरकोट नगरपालिका वडा न. ९ निवासी भारतीय भू.पु. सैनिक No. JC-613136A सुवेदार दत्त बहादुर गुरुङको श्रीमती तिरमती गुरुङ (Teermati Gurung) को नेपाली नागरिकताको प्रमाणपत्र प्रमाणपत्रमा नामथर तिरमति गुरुङ (Tirmati Gurung) जन्म मिति वि.सं. २०४०/०४/१३ तदनुसार ई.सं. १९८३ जुलाई २९ उल्लेख भएको तर निजको पतिको सैनिक अभिलेखमा निजको नामथर तिरमती गुरुङ (Teermati Gurung) जन्म मिति ई.सं. १९८३ जुलाई २७ तदनुसार वि.सं.२०४०/०४/११ उल्लेख भई फरक फरक नामथर र जन्म मिति भएता पनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं. ३ मिति २०८३/०४/०१ को पत्रबाट लेखि आएकोले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**


# पूँजीगत खर्च प्राप्तिको योजनासहित बजेट कार्यान्वयन गर्न अर्थमन्त्रीको निर्देशन

**रासस**
काठमाडौं, ४ साउन

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले शतप्रतिशत पूँजीगत खर्च र राजस्व लक्ष्य प्राप्तिको योजनासहित बजेट कार्यान्वयनमा लाग्न सचिवहरूलाई निर्देशन दिनुभएको छ ।

आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यान्वयन योजनासम्बन्धी सबै मन्त्रालयका सचिवहरू सम्मिलित बैठकमा उहाँले नयाँ बजेट पाँच वर्षको सरकारको आर्थिक मार्गचित्रअन्तर्गत पहिलो किस्ताको सुरुवात भएको बताउनुभयो । उहाँले विगतमा भएका पूँजीगत खर्चको निराशा र राजस्व सङ्कलनको कमजोरी सच्याउन सचिवहरूलाई निर्देशन दिनुभयो ।

तोकिएको पूँजीगत खर्च पनि गर्न नसक्ने र राजस्व उठाउन नसक्ने विगतको जस्तो अवस्था अब भोग्न नपर्ने गरी काम गर्नुपर्नेमा अर्थमन्त्री डा वाग्लेले जोड दिनुभयो । "गएको आर्थिक वर्ष पूँजीगत खर्च करिब ४९ प्रतिशत हाराहारी मात्र रह्यो । राजस्व पनि रु साढे १२ खर्ब हाराहारीभन्दा बढी सङ्कलन भएन", उहाँले भन्नुभयो, "चालु नयाँ बजेटमा यो नतिजा स्वीकार्य हुँदैन । कम्तीमा ८० प्रतिशत पूँजीगत खर्च हुनुपर्छ । करिब रु १६ खर्बको राजस्व सङ्कलन लक्ष्य पूरा हुनुपर्छ ।"

बजेट कार्यान्वयनका लागि आवश्यक कानुनी र व्यावहारिक कठिनाइ निर्धक्कसँग अर्थ मन्त्रालयलाई भन्न र योजनाबद्ध रूपमा काम अघि बढाउन अर्थमन्त्री वाग्लेले सचिवहरूलाई आग्रह गर्नुभयो । अर्थ मन्त्रालयले बजेट कार्यान्वयन सहजीकरणका लागि गत आर्थिक वर्षदेखि गरिरहेको रकमान्तर तथा अवण्डा बजेटको विस्तृतीकरणको अधिकार सम्बन्धित मन्त्रालयलाई प्रत्यायोजन गरिएको बताउँदै उहाँले त्यसको सदुपयोग गर्न पनि आग्रह गर्नुभयो ।

# घर

रविकिरण निर्जीव

'जान्छिन् आज शकुन्तला घर भनी उठ्तो छ चिन्ता अति … … …' शकुन्तलालाई घरदेखि घर पठाउँदा तिनका बाउआमालाई धरधरी रुनु पर्‍यो । छोरी दोरन आउँदा दुष्यन्त ज्वाइँसित हाँस्तैहाँस्तै आएकीले छोरी अन्माउँदा बाउआमाका आँखादेखि झर्ने आँसु कस्ता आँसु हुन् ? भन्ने संशय विश्वामित्र र मेनकालाई भयो कि !

मुमताज बितेपछि शाहजहाँले उनको सम्झनामा ताजमहल नामको विशाल र सुन्दर घर बनाए ! उहिल्यै अलैंचेदेखि फाउँदी दिदी पुर्‍याउन जाँदा लौडारी भञ्ज्याङमा शीतल तापिरहेको बटुवालाई सोधेँ, 'तपाईंको घर कहाँ हो ?' उसले गीतमा उत्तर दिएको 'घर काँ हो नभन्नुहोला घर छैन बैरागी जोगीको' आजपर्यन्त ताजै छ । उसले यसो भनेपछि ' तपाईं जोगीजस्तो त देखिनुहुन्न नि !' भनेर उसलाई जिस्काउन मन लागेन ।

'सदाका लागि आँखा खोलेको घर' पहाडको घर भए पनि 'सदाका लागि आँखा चिम्लिने घर' कहाँको हुने हो, अनिश्चयमा छु, भरतपुर, चम्पानगर वा अष्ट्रेलिया ।

महलका कुकुरहरुका घर भए पनि बाटाका कुकुरहरुका घर हुँदैनन् । 'बाटाका कुकुर हरुलाई' अघि 'गल्लीका कुकुरहरु' भनिन्थ्यो । मैले यहाँ जे भने पनि पहाडका गल्लीहरु सडक नभएसम्म त्यहाँ हिँड्ने कुकुरहरु गल्लीका कुकुरहरु नै हुन् । तिनीहरु मनिसहरुले दया गरेदेखि बाहेक गल्लीमै खानपिन गर्छन्, गल्लीमै गाँठो परेर बसी, सन्तान बनाउने र हुर्काउने बढाउने गर्छन् । तिनीहरु क्रोधी मानिसहरुको हातबाट उम्लेको पानीले नुहाउने पनि गर्छन् ।

महलका कुकुरको 'जात' राख्न समाजशास्त्रीहरुले किन बिलम्ब गरेका होलान् ?

रुखका बोक्रा र हाँगापातहरु द्वारा बनाइएका भए तापनि राउटेका घरहरु 'राउटेका घरहरु' हुन् ।

अचेल घरवालाको भन्दा डेरावालाको हाँकोडाँको 'पिरो' हुन थालेको भए पनि उहिल्यै मैले डेरा गरी बसेको रामलालको घर र भरतपुरमा रहेको मेरो आफ्नो घर दुवै घर हुन्, के घर के डेरा !

भृकुटी, बीपी र पीएलका कर्मघर एक बेला तिब्बत र हिन्दुस्तानमा थिए ।

गरिबहरु आफ्ना घरका छानाबाट आकासका तारा गन्दागन्दै आँखा थाकेर भुसुक्क निदाउँछन् । प्यालेस्टायन नागरिकहरुले अराफतको पालादेखि घरका निम्ति लडेका, त्यो लडाइँ कहिले टुङ्गिने हो ? कसैलाई थाहा छैन ।

'कठपुतलीको घर' मा इब्सेनले हेल्मरलाई नोरालाई बोलाउन भनी चरी, ईश्वरी, रानी, सुनचरी, माधुरी, चुल्बुली, मैनाचरी, मोहिनी, अग्निचरी आदि प्रेममय नाम जुराइदिए पनि हेल्मरको गृहत्याग नगर्ने याचनालाई नोराले ठुक्राइदिइन् ।

मरनघाटको 'मलामीको 'घर' किनकिन भूतघर भनिन्छ । मन्दिरलाई देवघर भन्दा कति धेरै राम्रो हुन्थ्यो, दुनियाँ त्यसलाई मन्दिर भनेकाभन्यै छ, अब उप्रान्त भने पनि हुने हो । ती राष्ट्रबैंक, नेपाल बैंक, वाणिज्य बैंक सबैलाई 'द्रव्यघर' भने हुन्न र ? किन अर्काको शब्द सापटी लिन पर्‍यो । सधैं अरुद्वारा लिने मगन्ते अवस्थाबाट अब मुक्त भएनौं र ? हामी 'सुनको थालमा पैसा माग्ने' भनिने गरे तापनि धेरै कुरा अरुलाई दिन सक्ने भैसकेका छौं । साहित्यकारहरुको उद्देश्य सिर्जना र सन्देश, नेताहरुको उद्देश्य प्रशासन र व्यवस्थापन भनिन्छ, हो पनि, तर अघिल्लाले जेनतेन आफ्नो धर्म धान्ने गरे तापनि पछिल्लाले कहाँ धानेका छन् र धर्म ! ती अधर्मीहरु अरुसित आफ्नो सुनको थालमा भिख मागिरहेका छन्, हिजोदेखि आजसम्म । त्यै भिख पनि राष्ट्र परिवारका सबै जनलाई बाँडिचुडी खान्छन् र ! खोपीभित्र लुकेर आ-आफै घिच्छन् । 'अरुलाई दिन सक्ने भएका छौं,' भनेर उनीहरु बुझ्छन् तर सधैं बुझ पचाइरहन्छन् । तिनीहरु भित्रको अधर्म भावले गर्दा यस्तो भएको हो । यो धर्ती घरभन्दा आमाको गर्भघर (गर्भगृह) कति सुरक्षित कति ! त्यहीँ बसिरहन नपाएर किन बाहिर निस्किन पर्‍यो भन्न थालेका छन् मानिसहरु । स्वयम् मैले लेखेँ, 'आमाको गृहगर्भदेखि म बृथा निस्केँ यहाँ जोडले, घाउ घाउ भएर ग्रस्त छु यहाँ लुतो तथा कोडले ।' सिड्नीको घर मेरो होइन, तर भरतपुरको घर छोराबुहारीको हो । भरतपुरको घरमा त हामी बूढाबूढी 'चरीको के घर छ र ! रात काट्यो डालीमा बसेर' भनेर रातभरि आँखा झिमिक्क नगरी गीत गाइरहन्छौं ।

डोनाल्ड ट्रमको त्यो कार्यकक्ष ह्वाइट हाउसको नाम उहिल्यै 'सेतो घर' हुँदो हो । पछि जाबो नेपाली भाषाको शब्दमा के हाम्रो राष्ट्रिय कार्यालयको नाम राख्नू भनेर हमेरिकनहरुले नाम बदले हुनन् । यो निबन्धका मेरा बातका केस्रा केलाएर के यस्तो विरोधाभासी कुरा गरेको ? भन्नुहोला, त्यस्तो भएको पनि होला तर यस्तो विरोभासको लतपत कहाँ पाइन्न ? तपाइँलाई उदाहरण नै चाहिने हो भने, प्रकृतिले दुइटा आँखा अगाडि मात्र बनाउनुको सट्टा एउटा निधारमा एउटा घुच्चुकमा बनाइदिएका भए हामीलाई कति सहज र सुरक्षा हुने थियो, होइन ? शत्रुले चिर्पटले टाउकामा बजाउन खोज्दा चिर्पेट च्याप्प समातेर उसैको टाउको फोर्न सक्तैनथ्यौं ?

नास्ट क्यान्सरको केमोलाई अझै एभ्वाइड गर्न सक्तैन ।

संसारभरिका घरहरुभन्दा मामाको घर पो प्रिय लाग्यो, मलाई त, त्यसैले लेखिहालेँ- 'मेरो मामाघर अघि थियो त्यो उपल्लो अलैंचे, खुलाब स्ती चितवन झरे गोब्रेनी गाउँ ऐले, यो गोब्रेनी अलइँचीसरी छैन कत्ति घमैलो, मेरो मामाघर तर हुँदा लाग्छ साह्रै रमैलो ।'

संस्कृतले घर त्याग गरेर पढे पार लाइन्छ भनेकाले चम्पानगर छाडी भरतपुर बसेर पढेकै हो, बरु 'स्वल्प आहारी हुनू' भनेको नमानी मानामानाको चामलको भात खाने गरेकाले आज मधुमेहले गँगटाले गँड्यौलो समातेझैँ समातेको छ । यहाँ घर छाडी परघर बस्ने धेरै छन्, कुनै स्वेच्छाले, कुनै करकापले, कुनै पछिका दिन आफ्नो घरमा फर्किन पाइएला भन्ने आसले, यस्तै यस्तै, जस्तो कि छोराछोरी नेपालभन्दा न्युयोर्क, जेष्ठ नागरिक घर भन्दा वृद्धाश्रम, ज्ञानेन्द्र नारायणहिटी भन्दा नागार्जुन । छोरालाई यहाँ एक क्विन्टलको सिमन्ट बोरा 'रौरव' हुन्छ, त्यहाँ 'गौरव' हुन्छ । छोरी कलेजका बुकसित खेल्छु भन्छिन् तर 'कुक' सित रमाइरहेकी हुन्छिन् ।

कुस्तीबाज घरबाहिर छँदा आफू जस्ताको डरले लगलग काँप्छ तर घरको तगारो खोलेर भित्र छिरेपछि पाखुरा सुर्केर गर्जिन्छ- 'लौ आइज, तेरा बाउले जन्माको भए !'

राज सरगमले 'छाउघर' बाट नारीहरुलाई नरकदेखि मुक्त हुन दिएको सल्लाह, आहुतिले ' नयाँ घर' बाट जनतालाई स्वतन्त्र हुन दिएको परामर्श र प्रश्रितले 'गोलघरको सन्देश' बाट नागरिकहरुलाई स्वाधीन हुन दिएको सन्देश, डा. देवी क्षेत्री दुलालले स्वदेशमै बसेर पनि जन्मघर बिर्सिने र कामका लागि परदेश जाँदा घरगाउँ बिर्सिनेहरुलाई घर फर्किन 'घर फर्क' मा दिएको सन्देश कहिलेसम्म कार्यान्वयन पर्खिएर बसिरहने हुन् ? कसैसित जबाफ छैन । लेख्नेले लेखिदिए, गर्नेले गरिदिए पो ! आहा ! कति राम्रो कुरा लेखेका हुन् ! धिक्कार ! गर्नेले गरिदिए पो ! छिः ! कस्तो बिडम्बना । आँधी चाहिएको छ, बतासले अघाइँदैन ।

जन्मघर, कर्मघर, घर आइपुग्यो कुकुर बलियो, घर राम्रो लिउनले मान्छे राम्रो तिउनले, घर भए डर हुँदैन, घरको बाघ वनको स्याल, घरैघर !

'खोल्दे निर्मलद्वार जेलघरको ताल्चा उघारीकन' २०५८/०५९ को सङ्कटकालीन भरतपुर जेलमा बस्ता कारगारको पाले प्रिय निर्मललाई भावपूर्ण जोसमा कविताद्वारा भनेको थिएँ, तर ऊ मेरो आवेग मुताविक ताल्चा खोल्न असमर्थ थियो ता पनि हामी तत्कालीन ८३ जना माओवादी बन्दीहरुप्रति सदा सहानुभूतिशील थियो ।

रहस्यमयी कुरुप बूढा शिव शर्माले बिहे गरी घर भित्र्याएकी शिवभट्ट सती पुत्री सुन्दरी गोमाले माकुरैमाकुराले जेलिएको र किराकमिलाले घेरिएको घरमा बस्न पर्दा रात दिन चम्धारा रोएर समय बिताएकी थिइन् तर तिनका पति त्यहाँ बस्न खुसी नै थिए ।

सहरका घर पाताला, हाम्रा भने बाक्ला । तर तिनका मन पाताला, हाम्रा भने बाक्ला !

दिनभरि काम गरेर साँझ घर/डेरामा फर्किंदा घर हुनेहरुका पदचाप शीघ्र र नहुनेहरुका सुस्त हुने भेद तिनका मनचाप छामेर थाहा पाएको छु ।



सुकाइएको जडिबुटीयुक्त जङ्गली सागः कास्कीको अन्नपूर्ण गाउँपालिका वडा नं ११ छोम्रोङका किसानले सुकाएको उच्च हिमाली क्षेत्रमा पाइने जडिबुटी गुणयुक्त जङ्गली साग । हिउँदका समयमा यसलाई तरकारीका रुपमा प्रयोग गरिन्छ । होटल व्यवसायी जगदीश गुरुङका अनुसार विश्व प्रसिद्ध अन्नपूर्ण आधार शिविर पदमार्गमा आउने पर्यटकको पहिलो रोजाइमा यो तरकारी पर्दछ । गत आवको जेठसम्ममा यो पदमार्गमा ४१ हजार ४२२ पर्यटकले भ्रमण गरेका थिए । तस्बिरः विष्णु नेपाल/रासस

## रास्वापाको बागलुङ जिल्ला कार्यसमिति बदर

पोखरापत्र संवाददाता
पोखरा, ४ साउन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वापा)को बागलुङ जिल्ला कार्यसमिति 'जिल्ला अधिवेशन कार्यविधि'मा तोकिएको प्रक्रिया पालना नगरी सम्पन्न भएको ठहर गर्दै केन्द्रीय निर्वाचन आयोगले सो जिल्ला समिति पूर्णरुपमा बदर गरेको छ ।

अधिवेशन सञ्चालनको प्रक्रियासम्बन्धी प्राप्त उजुरी, उपलब्ध तथ्य, प्रमाण तथा सम्बन्धित पक्षबाट प्राप्त स्पष्टीकरणको परीक्षण र अध्ययन गरी तोकिको प्रक्रिया पालना नगरी अधिवेशन सम्पन्न भएको निष्कर्ष निकालेको हो ।

बागलुङ जिल्ला अधिवशेन कार्यविधिअनुरुप पुनः सम्पन्न गर्ने, नयाँ जिल्ला अधिवशेनको मिति, समय, स्थान तथा निर्वाचन समिति गठनसम्बन्धी निर्णय सात दिनभित्र सार्वजनिक गर्ने निर्णय गरेको आयोगका प्रमुख भुवन केसीले जानकारी दिनुभयो ।

कैलाली जिल्ला समितिलाई सदर

आयोगले कैलाली जिल्ला अधिवेशन विधिवत् रुपमा सम्पन्न भएको निष्कर्ष निकाल्दै उक्त कार्यसमितिलाई सदर गरेको छ । गत जेठ २४ गते कैलाली जिल्ला अधिवेशन भएको थियो ।

## सार्वजनिक बिदा पुनरावलोकन गर्न कार्यदल गठन गरिने

रासस
काठमाडौं, ४ साउन

सरकारले सार्वजनिक विदालाई पुनरावलोकन गर्न गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा चार सदस्यीय कार्यदल गठन गर्ने भएको छ ।

मुख्यसचिव गोविन्दबहादुर कार्कीको अध्यक्षतामा सोमबार भएको सचिवहरुको बैठकले हप्तामा शनिबार र आइतबार दुई दिन बिदा दिन थालिएपश्चात साविकमा रहेका अन्य सार्वजनिक बिदाको पुनरावलोकनका लागि उक्त कार्यदल गठन गर्ने निर्णय गरेको हो । कार्यदलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशानसन र अर्थमन्त्रालयको प्रतिनिधि रहने र उक्त कार्यदलले १५ दिनभित्र गृह मन्त्रालयमा प्रतिवेदन पेस गर्ने मुख्यसचिव कार्कीद्वारा हस्ताक्षरित निर्णयमा उल्लेख छ । चालु आर्थिक वर्षमा तर्जुमा गर्ने गरी पहिचान भएका विधेयकको मस्यौदा तयार गर्ने कार्य सम्बन्धित मन्त्रालयले शीघ्र प्रारम्भ गर्ने बैठकको निर्णय छ । बैठकले धेरै पुराना, असान्दर्भिक र कार्यसम्पादनमा बाधा पुर्‍याउने खालका कानुनलाई खारेज गर्नका लागि सम्बन्धित मन्त्रालयले प्रक्रिया अघि बढाउने निर्णय गरेको छ ।

## मदन पुरस्कारका लागि उत्कृष्ट १० कृति सार्वजनिक

रासस
काठमाडौं, ४ साउन

मदन पुरस्कार गुठीले 'मदन पुरस्कार-२०८२' का लागि उत्कृष्ट १० कृतिको सूची सार्वजनिक गरेको छ ।

पुरस्कार मूल्याङ्कनका लागि विभिन्न विधाका २९८ पुस्तक आवेदनमा परेकामा गुठीले १० कृतिको मनोनयन सार्वजनिक गरेको हो । मनोनयन परेकामा अज्ञान (केशवराज ज्ञवाली), इथा (केशव दाहाल), उत्कर्ष (ललित विष्ट), नेपालमण्डलसँग जोडिएको सिमौनगढको सिमानाको इतिहास (रोशनकुमार झा), नेपाल समुदायका परम्परागत मृत्युगीत (वीणा जोशी (राजभण्डारी), परिधि (उमा सुवेदी) महायुग (सीमा आभास) सलह (श्रवण मुकारुङ), स्वप्नस्पर्श (डा नवराज केसी), हिउँद (नदीशा) रहेको गुठीका अध्यक्ष कुन्द दीक्षितद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

## स्थानीय तहका कर्मचारीलाई कार्यालयमा अनिवार्य रहन निर्देशन

रासस
काठमाडौं, ४ साउन

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न भागमा अविरल वर्षा, बाढीपहिरोलगायत विपद्जन्य घटनाको जोखिम बढ्दै गएपछि जिल्ला समन्वय समिति र स्थानीय तहका कर्मचारीलाई कार्यालयमा अनिवार्य रूपमा उपस्थित रहन निर्देशन दिएको छ ।

मन्त्रालयको पत्रअनुसार विपद्को अवधिभर कर्मचारीहरूले कार्यालय नछोडी समन्वय, सहजीकरण र निर्णय प्रक्रियामा सक्रिय भूमिका निर्वाह गर्नुपर्ने उल्लेख छ ।

हाल बिदामा रहेका कर्मचारीलाई समेत बिदा छोट्याइ सम्बन्धित कार्यालयमा उपस्थित भई आफ्नो जिम्मेवारी पूरा गर्न मन्त्रालयले निर्देशन दिएको हो ।

मन्त्रालयले विपद्सम्बन्धी सूचना सङ्कलन, उद्धार तथा राहत कार्य, क्षतिको विवरण र अन्य आवश्यक सहजीकरणका लागि जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, प्रदेश तथा सङ्घीय निकायसँग निरन्तर सम्पर्क र समन्वय गर्न स्थानीय तहलाई आग्रह गरेको छ ।

### एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश तनहुँ जिल्ला बन्दिपुर गा.पा-४ निवासी भारतीय भु.पु. सै.नं. ५२४१५०३, दर्जा, नायक पल्टन ४/३ जि.आर. का नर बहादुर आलेको श्रीमतीको नागरिकतामा नाम थर दिल माया आले र जन्म मिति वि.स. २०११/१०/१५ भएको र निजको पेन्सन डकुमेन्टमा श्रीमतीको नाम थर दिलमाया मगर्नी र जन्म मिति सन् १९९०/१२/२१ मा ३३ वर्ष भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनी बन्दिपुर गा.पा वडा नं ४ को वडा कार्यालयको च.नं. ०२ मिति २०८३/०४/०१ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**

### एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला रुपा गाँउपालिका वडा नं ०६ निवासी भारतीय भु.पु. सै.नं.JC135959 का दान वहादुर खड्काको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर दान वहादुर खड्का भएको र निजको भारतीय सैनिक अभिलेखमा नामथर दान वहादुर क्षेत्री भएकोले उल्लेखित दुवै नामथर भएको व्यक्ति एउटै भएको साथै निजको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर मिठु देवी खड्का क्षेत्री भएको र पतिको भारतीय सैनिक अभिलेखमा नामथर मिठु माया भएकोले उल्लेखित दुवै नामथर भएको व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनि रुपा गाउँपालिका ०६ नं वडा कार्यालयको च.नं.१६८ मिति २०७९।५।२८ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

### एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला रुपाकोट गा.वि.स वडा. नं ४ निवासी भारतीय भु.पु. सै.नं JC 629416X का नायव सुवेदार ढक बहादुर खड्काको श्रीमती चिजु माया खड्काको नाम नेपाली नागरिकताको प्रमाण पत्रमा चिजु माया खड्का र पतिको भारतीय पारिवारिक पेन्सन अभिलेखमा चिजुमाया उल्लेख भएको साथै निज चिजु माया खड्काको जन्ममिति नेपाली नागरिकतामा वि.सं. २०२४।०४।१४ तदानुसार सन् २९।०७।१९६७ र पतिको भारतीय पारिवारिक पेन्सन अभिलेखमा सन् १६।०२।१९६७ उल्लेख भई फरक परेतापनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी रुपाकोट गा.वि.स. कार्यालय, कास्कीको च.नं. ३६७ मिति २०७२।१२।२९ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**